मिति : २०८१/२/ ३२ गते (शुक्रबार) स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : ३० समय : दिनको : १ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक पोखरा प्रोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिलसीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री [illegible] बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री झिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | कार्यपालिका सचिवालय | | |
| ४५ | प्रशासनीक कार्य गर्ने | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| | | | | |

# पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की

## कार्यपालिकाको ३० औं बैठकका प्रस्तावहरु:

१। २९ औं बैठकको निर्णय सम्बन्धमा।

२। विधायन समितिबाट छलफल भई सिफारिस भएका कार्याविधिहरुः

क) राष्ट्र बिभूति पार्क व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०८१

ख) पेइड इन्टर्न कार्यविधि २०८१

ग) संस्थागत विद्यालय छात्रवृत्ति कार्यविधि (पहिलो संशोधन २०८१)

घ) गुठीद्वारा सञ्चालित शैक्षिक संस्था सम्बन्धि कार्यविधि २०८१

ङ) शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि २०८१

च) स्वास्थ्य विमा गठन सम्बन्धि कार्यविधि २०८१

छ) शिक्षक दरबन्दी मिलान कार्यविधि २०८१

ज) पोखरा सम्पदा वस्ती संरक्षण तथा व्यवस्थापन सम्बन्धि विधेयक २०८१

३। भद्रकाली मा.वि. पोखरा-१३ को भवन निर्माण सम्बन्धमा। (रु ४,९८,६६,००० को १०% सुनिश्चित+soil test, नक्सा र मापदण्ड सम्बन्धमा प्राविधिक सहयोग)

४। हुप्सेकोट गाउँपालिका वर्दघाट सुस्ता पूर्व नवल परासीले भगीनी सम्बन्ध कायम गर्न गरेको अनुरोध सम्बन्धमा

५। पोखरा महानगरपालिका-११ स्थित **शिवशक्ति माध्यमिक विद्यालय**को जग्गा **शिवशक्ति क्याम्पस**लाई उपलब्ध गराउन पहल गर्ने सम्बन्धमा।

६। Phelme Brothers Construction लाई मुग्लिङ- पोखरा सडक पश्चिम खण्डको स्तरोन्नतिका लागि निजी जग्गाबाट ग्राभेल उत्खनन् तथा निकासी गर्नका लागि IEE स्वीकृत गर्ने तयार भएको। (पोखरा महानगरपालिका वडा नं २९)

७। आ.व.२०८१/०८२ र २०८२/०८३ गरि दूई वर्षको लागि विज्ञापन कर संकलन गर्न राजश्व परामर्श समितिबाट सिफारीस भै आएको रकम रु. २,५२,६१,८१२/- लाई न्यूनतम लागत अनुमान अंक कायम गरी भएको ठेक्का स्विकृति गर्ने सम्बन्धमा।

पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश नेपाल

८।

क) मितेरी शहरहरु कुनमिङ्गमा आयोजित कुनमिङ्ग पोखरा फ्रेण्डसिप क्रस कन्ट्री रेश प्रतियोगितामा भाग लिने सम्बन्धमा तथा लिन्जिमा आयोजित ड्रागन बोट रेश प्रतियोगितामा खेलाडी तथा प्रतिनिधि सहभागिता सन्दर्भमा।

ख) कुमनिङ्ग शहरमा आयोजित फ्रेण्डसिप सिटी कल्चरल एक्सेञ्ज फर इण्डियन ओसन रिम कन्ट्रिजका सन्दर्भमा।

ग) इस्तानवुलमा जुन १६ मा आयोजना हुने सिल्क रोड डायलग मिटिङ्गका सन्दर्भमा।

९ राजश्व परामर्श समितिले सिफारिश गरेको आगामी आ.व को आन्तरिक आयको स्रोत अनुमान सम्बन्धमा।

१०। विविध

**क.** साविकका मापदण्ड भित्र परेका तर परिवर्तित मापदण्ड बमोजिम हाल मापदण्ड वाहिर रहेका संरचनालाई सम्पन्न प्रमाणपत्र सम्बन्धमा।

**ख.** प्रदेश लोक सेवा आयोगबाट सिफारिश भइ आएका अधिकृतस्तरका कर्मचारीको नियुक्ति अनुमोदन सम्बन्धमा।

**ग.** Hospitality and Agro- Tourism सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा।

**घ.** पोखरा महानगरपालिका -५ स्थित धर्मस्थली नि.मा.वि को विद्यालय भवन सम्पन्न प्रमाणपत्र सम्बन्धमा।

**ङ.** आर्वा- विजयपुर पहिरो नियन्त्रण तथा सडक निर्माण योजना बहुबर्षिय आयोजनामा समावेश गरी कार्यान्वयन गर्ने सम्बन्धमा। (ल.ई रु ९९,९५,६९३।४४)

**च.** म.ले.प को प्रतिवेदनमा औँलाइएका बेरुजु सम्बन्धमा।

**छ.** पार्किङ शुल्क संकलन सम्बन्धमा (राजश्व परामर्श समितिबाट सिफारिश भएको रकम)

**ज.** मितेरी शहर गोञ्जावमा आयोजित हङकङ्ग युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजी को आयोजनामा ल्याङ्वेज एण्ड कल्चरल एक्सचेन्ज प्यालेस समर क्याम्पमा सहभागिता सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## ३० औं कार्यपालिका बैठक (२०८१/०२/३२) का निर्णयहरु

**निर्णय नं. १** : पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. २९ बाट भएका निर्णयहरु सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २** : (१) पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भै आएका तपशिल बमोजिम कार्यविधिहरु छलफल गरी सर्वसम्मतिबाट स्विकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

क) राष्ट्र बिभूति पार्क व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१

ख) पेइड इन्टर्न कार्यविधि, २०८१

ग) संस्थागत विद्यालय छात्रवृत्ति कार्यविधि, २०७५ (पहिलो संशोधन २०८१)

(२) तपशिल वमोजिम विधेयक तथा संशोधन ऐन छलफल गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

क) पोखरा सम्पदा वस्ती संरक्षण तथा व्यवस्थापन सम्बन्धि विधेयक, २०८१

(३) तपशिल वमोजिम कार्यविधिहरु संशोधन गर्नु पर्ने भएमा अध्ययन विश्लेषण गरी संशोधन गर्नु पर्ने आधार र कारण सहित पेश गर्नका लागि वडा कार्यालयमा पठाउने र विधायन समितिको सिफारिश सहित प्राप्त भए पश्चात् आगामी नगर कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्ने निर्णय भयो ।

**तपशिल**

क) गुठीद्वारा सञ्चालित शैक्षिक संस्था सम्बन्धि कार्यविधि, २०८१

ख) शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि, २०८१

ग) स्वास्थ्य विमा गठन सम्बन्धि कार्यविधि, २०८१

घ) शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१

**निर्णय नं. ३** : भद्रकाली मा. वि पोखरा महानगारपालिका वडा नं १३ को भवन निर्माणको लागि पेश भएको रु ४,९८,६६,०००।-(अक्षरुपी चार करोड अन्ठानब्बे लाख छैसठ्ठी हजार मात्र) को १०% ले हुन आउने रकम महानगरपालिकाबाट सुनिश्चित गरी निर्माण हुने भवनको Soil Test, नक्सा र मापदण्डका सम्बन्धमा महानगरपालिकाबाट प्राविधिक सहयोग उपलब्ध गराउने ।

**निर्णय नं. ४** : हुप्सेकोट गाँउपालिका बर्दघाट सुस्तापूर्व नवलपरासीबाट महानगरपालिकासँग भगिनि सम्बन्ध कायम गर्न भएको अनुरोधका सम्बन्धमा हुप्सेकोट गाउपालिकासँग भगिनि सम्बन्ध कायम गर्ने प्रक्रिया अघि बढाउने र सो पालिकालाई यसको जानकारी उपलब्ध गराउने ।

**निर्णय नं. ५** : पोखरा महानगरपालिका वडा नं ११ स्थित शिवशक्ति माध्यमिक विद्यालयको स्वामित्वमा रहेको साविक कि.न. ६८८ हालको कि.न. ९५ बाट उत्तर पश्चिम तर्फको २ रोपनी जग्गा शिवशक्ति क्याम्पस पोखरा महानगरपलिका वडा नं ११ लाई उपलब्ध गराउन सिफारिस गरी पठाउने निर्णय भयो ।

**निर्णय नं. ६** : Phelme Brothers Construction लाई मुग्लिङ्ग-पोखरा सडक पश्चिम खण्डको स्तरोन्नतिको लागि वडा नं २९ स्थित निजी जग्गाबाट निर्माण सामाग्री उत्खनन् तथा निकासी गर्ने प्रयोजनका लागि पेश भएको IEE प्राविधिकबाट अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय भयो ।

**निर्णय नं. ७** : आगामी आ.व २०८१/८२ र आ.व २०८२/८३ गरी दुई बर्षका लागि फुटकर विज्ञापन कर संकलन गर्ने राजश्व परामर्श समितिबाट सिफारिस भई आएको रकम रु २,५२,६१,८१२।-(अक्षरुपी दुई करोड बाउन्न लाख एकसठ्ठी हजार आठ सय बार्ह मात्र) लाई न्युनतम अंक कायम गरी आय ठेक्का बन्दोबस्ति प्रक्रिया अगाडि बढाउन स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ८** : मितेरी तथा अन्य शहरहरुमा आयोजना हुने खेलकुद तथा विशेष बैठकका सम्बन्धमा तपशिल बमोजिम निर्णय गरियो ।

क) महानगरपालिकाको मितेरी शहर कुनमिङ्गमा आयोजित कुनमिङ्ग पोखरा फ्रेण्डसिप क्रस कन्ट्री रेश प्रतियोगितामा भाग लिई फर्केका तपशिल बमोजिम प्रतिनिधि एवम् खेलाडीहरुको भ्रमण अनुमोदन गर्ने । सो मध्ये कार्यपालिका सदस्यहरुको दईतर्फि र खेलाडीहरुको काठकाण्डौ कुन्मिङ काठमाण्डौको एकतर्फि हवाई भाडाको टिकट रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| श्री धनराज आचार्य,नगर प्रमुख | श्री शंकर प्रसाद शाह, खेलाडी |
| श्री विश्व प्रकाश पालिखे,अध्यक्ष नेपाल चाइना फ्रेण्डसिप | श्री रमेश लिम्बु, खेलाडी |
| श्री तोरण बहादुर बानिया, वडा अध्यक्ष वडा नं १५ | श्री शिरिष गुरुङ , खेलाडी |
| श्री पुष्पेण्द्र पाण्डे, वडा अध्यक्ष वडा नं १९ | श्री दिनेश गुरुङ , खेलाडी |
| श्री पूर्ण कुमार गुरुङ, वडा अध्यक्ष वडा नं २७ | श्री शिरोमन थापा , खेलाडी |
| श्री निर्मल दियाली, कार्यपालिका सदस्य | श्री नेत्र प्रसाद पौडेल, खेलाडी कोच |

साथै लिन्जिमा आयोजित ड्रागन बोट रेश प्रतियोगितामा भाग लिई फर्केका तपशिल बमोजिम प्रतिनिधि एवम् खेलाडीहरुको भ्रमण अनुमोदन गर्ने । कार्यपालिका सदस्यहरु तथा खेलाडीहरुको नेपाल वोर्डर केरुङसम्म जाने/आउने, बाटोको खाना खाजा तथा आवास र खेलाडी छनौट एवं तयारीको लागि भएको खर्च तथा विजयी खेलाडीहरुका सम्मानमा आयोजित बधाई कार्यक्रमको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| श्री प्रेम कर्माचार्य, वडा अध्यक्ष | श्री सुभाष राना मगर, खेलाडी |
| श्री राम काजी गुरुङ, वडा अध्यक्ष | श्री डम्बर बहादुर पूर्वाछाने, खेलाडी |

| | |
|---|---|
| श्री भिम कुमारी गर्बुजा, कार्यपालिका सदस्य | श्री प्रशान्त राई, खेलाडी |
| श्री धन कुमारी पोखरेल, कार्यपालिका सदस्य | श्री बिष्णु गुरुङ, खेलाडी |
| श्री रविन्द्र राज पौडेल, उपाध्यक्ष पर्यटन विकास समिति | श्री रविन ढकाल, खेलाडी |
| श्री निम बहादुर मगर | श्री सन्जय पुन, खेलाडी |
| श्री किसान गुरुङ, खेलाडी | श्री मिन बहादुर गुरुङ, खेलाडी |
| श्री दिपेश राना मगर, खेलाडी | श्री याम कुमार गुरुङ, खेलाडी |
| श्री प्रदिप मगर, खेलाडी | श्री मिन बहादुर गुरुङ, खेलाडी |
| श्री किसान गुरुङ, खेलाडी | श्री जिवन मगर, खेलाडी |

ख) कुमनिङ्ग शहरमा आयोजित फ्रेण्डसिप सिटी कल्चरल एक्सेन्ज फर इण्डियन ओसन रिम कन्ट्रिजका भाग लिन गएका तपशिल बमोजिम प्रतिनिधिहरुको यस महानगरपालिकामा कुनै आर्थिक दायित्व वहन गर्न नपर्ने भएकोले भ्रमण कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

श्री पूर्णचन्द्र न्यौपाने, वडा सदस्य वडा नं १०

श्री प्रकाश कोइराला, वडा सदस्य वडा नं ४

श्री सुजता बराल, वडा सदस्य वडा नं २६

श्री आशिष भण्डारी, वडा सदस्य वडा नं १४

ग) जुन १६ मा टर्कीको राजधानी इस्तानवुलमा आयोजना हुने Silk Road Dialogue Meeting (सिल्क रोड डायलग मिटिङ्ग) मा सहभागी हुन वडा नं १८ का अध्यक्ष श्री शिव प्रसाद तिमिल्सिना र पोखरा महानगरपलिका पर्यटन समितिका उपाध्यक्ष श्री रविन्द्र राज पौडेल लाई मनोनयन गरी पठाउने निर्णय गरियो । यस कार्यक्रमको लागि महानगरबाट काठमाण्डौं-टर्की-काठमाण्डौंको हवाई टिकटको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : राजश्व परामर्श समितिबाट सिफारिस भएको आगामी आ.व २०८१/८२ का लागि एकिन गरेको आन्तरिक आयको स्रोत अनुमान रकमका सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गरी एकीन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : महानगरपलिकाबाट स्विकृत साविकका मापदण्ड भित्र परेका तर पोखरा महानगरपालिका भवन तथा पूर्वाधार निर्माण मापदण्ड २०८० बमोजिमको परिवर्तित मापदण्ड बाहिर रहेका संरचनाहरुलाई सम्पन्न प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा र पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी कार्यविधि २०८० मा भएका मापदण्ड सम्बन्धमा थप अध्ययन विश्लेषण गरी संशोधन गर्नुपर्ने विषय भए १

हप्ता भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न वडा नं ४ का अध्यक्ष श्री देव कृष्ण पराजुलीको संयोजकत्वमा तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक- श्री देव कृष्ण पराजुली वडा अध्यक्ष वडा नं ४

ख) सदस्य- श्री तोरण बहादुर बानिया वडा अध्यक्ष वडा नं १५

ग) सदस्य सचिव- ई. श्री रविचन्द्र घिमिरे ईन्जिनियर सातौं

**निर्णय नं. ११** : प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशबाट महानगरमा हाल सम्म सिफारिस भइ आएका तपसिल बमोजिमका अधिकृत कर्मचारीहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

क. श्री रमेश सुवेदी ईन्जिनियर सातौं

ख. श्री शिशिर ढकाल ईन्जिनियर सातौं

ग. श्री सन्जय कुमार लोध ईन्जिनियर सातौं

घ. श्री अविनाश कुमार सिंह ईन्जिनियर सातौं

ङ. श्री विशाल अधिकारी वि.एण्ड आर्किटेक्ट ईन्जिनियर सातौं

च. श्री कृष्ण कुमार यादव नापी अधिकृत सातौं

छ. श्री चन्द्रकान्त तिमिल्सिना अधिकृत सातौं

ज. श्री ईश्वरीप्रसाद पोखरेल अधिकृत सातौं

झ. श्री डिल्लीराम गिरी अधिकृत सातौं

ञ. श्री राजेन्द्र सुवेदी अधिकृत सातौं

ट. श्री विष्णु प्रसाद ढकाल अधिकृत सातौं

**निर्णय नं. १२** : हालसालै पोखरालाई पर्यटन राजधानी घोषणा भएको तथा पर्यटनजन्य उत्पादन वृद्धि गर्नुपर्ने दबाब रहेको सन्दर्भमा पोखरामा आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई सभ्यता र सुसंस्कृतयूक्त व्यवहार प्रदर्शन गर्न आतिथ्यता सम्बन्धि ज्ञान जरुरी हुने र पर्यटकलाई स्थानीय अर्गानिक उत्पादन उपलब्ध गराउन मद्दत पुगोस् भन्ने धेयले महानगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र सन्चालित आधारभूत विद्यालयहरुमा **Hospitality and Agro Tourism** सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : पोखरा महानगरपलिका वडा नं १३ मा पर्ने आर्वा-विजयपुर पहिरो नियन्त्रण तथा सडक निर्माण योजना, वडा नं ११ र वडा नं १८ मा पर्ने पहिरो नियन्त्रण कार्यलाई प्राथमिकता पूर्वक आगामी बार्षिक विकास कार्यक्रममा समावेश गरी बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** : महानगरपालिका क्षेत्रभित्र सवारीसाधन पार्किङ व्यवस्थित गर्ने प्रयोजनार्थ कानुन बमोजिम पार्किङ शुल्क संकलन गर्नका लागि राजश्व परामर्श समितिबाट सिफारिस भई आएको रकमलाई कर बाहेकको न्युनतम रकम कायम गरी पार्किङ शुल्क संकलन गर्ने आय ठेक्का बन्दोबस्ती प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १५** : सन् २०२४ जुलाई २५ देखि अगस्ट १४ गते सम्म मितेरी शहर चिनको गोन्जावमा हङकङ्ग युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीद्वारा आयोजित ल्याङ्वेज एण्ड कल्चरल एक्सचेन्ज प्यालेस समर क्याम्पमा सहभागि हुन उम्मेद्वार मनोनयन गरी पठाउन भएको अनुरोध बमोजिम जनप्रतिनिधि र महानगरपालिकामा कार्यरत कर्मचारीका सन्ततिहरुबाट स्नातक गरेका र २५ बर्ष ननाघेका ४ जना उम्मेद्वार पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६** : वडा नं १८ को जनजागृती माध्यमिक विद्यालयका लागि वडा नं १८ को सिफारिसमा ५०% लागत साझेदारीमा विद्यालयका लागि बस खरिद गर्न महानगरबाट रु १४०००००।- (अक्षरुपी चौध लाख मात्र) विनियोजन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १७**: पोखरा महानगरपालिका वडा नं २६ को बहुउद्धेशीय वडा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा साविक कन्धनी डाँडा वडा नं ४ हाल पो.म.न.पा २६ मा पर्ने कि.न. ७६२ क्षेत्रफल २-११-३-२ घैटेको खोर चोकको जग्गामा नयाँ भवन निर्माण गर्न डि.पि.आर भएकोमा उक्त जग्गा अपुग हुने भएको भनी २६ नं. वडा समितिको सिफारिश सहित साविक कन्धनीडाँडा ४ हाल पो.म.न.पा २६ स्थित कि.न. ७२६ को १० रोपनी जग्गामा बहुउद्धेशीय वडा कार्यालय भवन निर्माणका लागि soil Test गर्न प्राविधिकबाट सिफारिस भएको लागत अनुमान बमोजिमको रकम रु. २,७१,९२८.०० (मू.अ.कर समेत) स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८** : पोखरा महानगरपालिकाको वडा नं. १ मा निर्माणाधिन Upgrading of Mohoriya Tole Road (Contract 17/pmc-RE/NCB-W-080-81) Level One construction Pokhara 6 को १६.९७% Variation Order स्विकृति गर्ने निर्णय गरियो ।